# स्थानीय विकास कोष समितिको सचिवालय

## भूमीका

बाग्मति अन्चलमा पर्ने नुवाकोट जिल्ला राजधानीसंग जोडिएता पनि भौतिक विकासको दृष्टिकोणबाट ज्यादै पिछडिएको जिल्ला मध्येको रुपमा गणना गरिन्छ । भौतिक विकासको अभावले गर्दा शिक्षा स्वास्थ्य जस्तो अति आवस्यकीय सेवा प्राप्तिकालागि काठमाण्डौ जान परिरहेकोछ । यस्तो अवस्थामा गरिब बर्गका मानिसहरुले सेवा प्राप्तिबाट बन्चित भईरहेका छन् ।

गरिबि निबारणमा सहयोग पुरयाउने उदेश्यले राष्ट्र संघिय विकास कार्यक्रमको आर्थिक र प्राविधिक सहयोगमा सहभागितात्मक जिल्ला विकास कार्यक्रम ( पि.डि.डि.पि ) ले सन् १९९५ बाट यस जिल्लामा कार्यक्रम सन्चालन गर्दै आईरहेकोछ । जिल्ला ब्यवस्थापन सहयोग र गांउ विकास कार्यक्रम गरि दुइ भागमा वांडिएको यस कार्यक्रमले जिल्ला ब्यवस्थापन सहयोग कार्यक्रम अन्तर्गत (Buttom up) एप्रोच बाट सहभागितात्मक योजना प्रणालिको विकास गरेको छ, भने गांउ विकास कार्यक्रम तर्फ सामाजिक परिचालनलाई मुल आधार मानेर वस्ति स्तरमा सागंठनिक तथा आर्थिक रुपमा आत्मनिर्भर सामुदायिक संस्थाहरुको निर्माण गर्ने कार्य गरेको थियो । कार्यक्रममा स्थानीय सहभागिता संलग्न गराउने र क्रमिक रुपमा स्थानीय स्तरमानै हस्तान्तरण गर्ने उद्देश्य बमोजिम जिल्ला विकास समितिको सभापतिको अध्यक्षतामा स्थानीय विकास कोष समिति गठन गरी कार्यक्रमलाई जिल्ला विकास समितिमा हस्तान्तरण भैसकेको छ ।

नेपाल जस्तो अल्प विकसित मुलुकमा स्थानीय स्तरको प्रयासबाट मात्रै जनताका दैनिक आबश्यकता पुरा गर्न अपर्याप्त हुने र गरीबि निवारण गर्न असंभव हुने यथार्थतालाई मनन् गरी संयुक्त राष्ट्र संघिय विकास कार्यक्रम बाट सहभागितात्मक जिल्ला विकास कार्यक्रमद्वारा संचालन गरेको कार्यक्रमलाई निरन्तरता दिने गरी **विकेन्द्रित स्थानीय स्वायत्त शासन सहयोग कार्यक्रम** लागु भएको छ । यस कार्यक्रम बाट अति गरीव, दलीत, जनजाती र महिला बर्गमा बढि केन्द्रित भई कार्यक्रम संचालन भैरहेको छ ।

# खण्ड १

## स्थानीय विकास कोषको ब्यबस्थापन र आन्तरिकीकरण

### १.१ बोर्डको संरचना

गांउ विकास कार्यक्रमलाई स्वायत्तता प्रदान गर्ने क्रममा जिल्ला विकास समिति अन्तरगत रहने गरि जि.वि.स. सभापतिको अध्यक्षतामा स्थानीय विकास कोष समिति गठन भएको छ । स्थानीय विकास कोषको विनियमावली जिल्ला परिषदको नवौ वैठक वाट पारित भई मिति २०५९ श्रावण १ गते वाट लागु भएको हो । उक्त विनियावलीमा जिल्ला विकास समितिका सभापतिको अध्यक्षतामा बिभिन्न निकायका प्रतिनिधि सदस्य रहने गरी समिति गठन भएको छ । हाल जिल्ला विकास समितिको सभापतिको कार्यभार संहाल्नु भएका स्थानीय विकास अधिकारी श्री हरिलोचन शर्मा ज्यूको अध्यक्षतामा निम्न वमोजिम समिति सदश्यहरु रहेका छन ।

| क्र.सं | नाम | प्रतिनिधित्व हुने संस्था |
|---|---|---|
| १ | श्री हरिलोचन शर्मा | स्थानीय विकास अधिकारी |
| २ | श्री हरेराम के.सी. | जिल्ला पशु सेवा शाखा |
| ३ | श्री ईन्दीरा श्रेष्ठ | महिला बिकास शाखा |
| ४ | श्री अमल रिमाल | घरेलू तथा साना उद्योग बिकास समिति |
| ५ | श्री अरुण कुमार ढुंगाना | कृषि बिकास बैङ्क |
| ६ | श्री शरण उत्सुक सापकोटा | अध्यक्ष, नुवाकोट उद्योग वाणिज्य संघ |
| ७ | श्री शान्ता अधिकारी | अध्यक्ष, जन जाग्रिति म.सा.सं |
| ८ | श्री मदन श्रेष्ठ | मेनेजर, सूनादेवी सा.सं. |
| ९ | श्री शिवराम भट्टराई | डि.एल.जि.एस.पि.(जिल्ला योजना सहयोगी) |
| १० | श्री दीपक पौडेल | लघू उद्यम विकास कार्यक्रम |
| ११ | श्री कुन्जन नेपाली | दलीत प्रतिनिधी |
| १२ | श्री | गैह्रसरकारी संस्था प्रतिनिधि |
| १३ | श्री रामहरि पाण्डे | सदस्य सचिव स्थानिय बिकास कोष |

### १.२ बोर्डको मुख्य निर्णयहरु

१) स्थानीय विकास कोष निर्देशिका, गांउ विकास कोष निर्देशिका, अध्यक्ष मेनेजर भेला ब्यवस्थापन निर्देशिका, अध्यक्ष मेनेजर सञ्जाल निर्देशिका स्विकृत गर्ने निर्णय भएको छ ।

२) बिकेन्द्रित स्थानीय स्वायत्त शासन सहयोग कार्यक्रमबाट सामुदायिक विकास कोषलाई प्राप्त रकम रु ४,५०,०००। सामुदायिक विकास कोषलाई अनुदानको रुपमा उपलब्ध गराउने निर्णय भएको छ ।

## १.३ कर्मचारी ब्यवस्थापन

स्थानीय बिकास कोषको कार्यक्रमलाई लक्षित समुहमा पुरयाउनको लागि आबस्यक कर्मचारीहरुको ब्यबस्था भैसकेको छ । कोषको प्रशासनिक खर्च कटौति गरि स्थानीय विकास कोषलाई जिवन्त राख्नको निमित्त प्रशासनिक खर्च घटाउने प्रयास गरीएको छ । बिगतमा नियुक्त गरीएका कर्मचारीहरुले आफुखुसि राजिनामा गरी रिक्त हुन आएको खाली ठाउंमा कुनै कर्मचारी भर्ना नगरी बांकि रहेको कर्मचारीहरुबाटनै कार्य संचालन भैरहेको छ । हाल कोषमा निम्न बमोजिम कर्मचारीहरु कार्यरत रहेका छन् ।

**कार्यालय तर्फ**

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | कार्यकारी सचिव | श्री रामहरि पाण्डे |
| २ | लेखा तथा प्रशासन सहायक | श्री बद्रि कुमार रिजाल |
| ३ | मेसेन्जर | श्री मेघ बहादुर थापा |

**फिल्ड तर्फ**

| क्र.सं. | पद | नाम | कार्य क्षेत्र |
|---|---|---|---|
| १ | सामाजिक परिचालक | गणेश कुमार नेपाल | जिलिङ, मदानपुर |
| २ | सामाजिक परिचालक | नबराज पुडासैनी | रातमाटे, तारुका |
| ३ | सामाजिक परिचालक | दिपक चित्रकार | भद्रुटार, चारघरे |
| ४ | सामाजिक परिचालक | जुनिल श्रेष्ठ | चौघडा, सूर्यमति |
| ५ | सामाजिक परिचालक | तारादेवी रिमाल | गोर्स्याङ, दाङसिङ |
| ६ | सामाजिक परिचालक | नानीमैयां नेपाल | देउराली |
| ७ | सामाजिक परिचालक | सुवास पाण्डे | थानापती |
| ८ | सामाजिक परिचालक | विष्णु गजुरेल | गणेशस्थान, चाउथे |
| ९ | सामाजिक परिचालक | विष्णुमणि घिमीरे | पन्चकन्या, थप्रेक |
| १० | सामाजिक परिचालक | रामसिंह लामा | बुङताङ, साल्मे |
| ११ | सामाजिक परिचालक | उद्धव सापकोटा | थानसिङ, सुनखानी |
| १२ | स.ओ.सि. | श्री नुर प्रसाद दाहाल | आबस्यक गाविस |

## १.४ आन्तरिकीकरण रणनीति

विकेन्द्रित स्थानीय स्वायत्त शासन कार्यक्रमले स्थानीय स्तरमा सवल र सक्षम एवं आत्मनिर्भर संस्था स्थापना गराउने लक्ष अनुरुप जिल्लामा स्थानीय विकास कोष समितिको स्थापना गराएको हो । स्थानीय विकास कोष आत्मनिर्भर भई संचालन हुन सकोस भन्ने हेतुले रु.१,७८,२५०००।– चालुपुंजि उपलब्ध गराएर त्यस्को परिचालनको माध्यमबाट सचिवालयको कार्यालय संचालन गराउने उद्देश्य लिएको छ । बिगतका बर्षहरु देखि स्थानीय बिकास कोष आत्म निर्भर बन्ने प्रयासमा लागिपरिरहेको छ । आर्थिक बर्ष २०६३/२०६४ कोलागि निम्नानुसार आम्दानीको अनुमान गरीएको थियो ।

अनुमानित आम्दानीको श्रोत

| क्रसं | श्रोतको नाम | रकम | जम्मा |
|---|---|---|---|
| १ | डि.एल.जि.एस.पि | | **२४,००,०००।** |
| | प्रशासनिक | १२,००,०००। | |
| | कार्यक्रम | १२,००,०००। | |
| २ | स्थानीय निकाय | | **१५,००,०००।** |
| | जिल्ला विकास समिति | १०,००,०००। | |
| | गाउं विकास समिति | ५,००,०००। | |
| ३ | स्थानीय विकास कोष | | **५१,८२,०००।** |
| | वैक व्याज | ३,००,०००। | |
| | ऋण लगानि व्याज | १८,००,०००। | |
| | ओभरहेड | १,००,०००। | |
| | अन्य आम्दानि | १,००,०००। | |
| | विउ पुजि बांकि | २८,७२,०००। | |
| | गत वर्षको वाकी | १०,०००।०० | |
| | | **जम्मा** | **९१,८२,०००।** |

## १.५ स्थानीय सहजकर्ताको नियुक्ति

बर्तमान द्वन्दको समयमा सचिवालयका कर्मचारीहरु सहज रुपमा कार्यक्षेत्रमा गई कार्यक्रम संचालन गर्न नसकिरहेको कारणबाट कार्यक्रममा रेखदेख कमि भएको महशुस हुन आएकोले र कार्यक्रमलाई आन्तरिकरण गर्न सजिलो होस भन्ने हेतुले प्रत्येक गा.वि.स.मा १, १ जना स्थानीय समुदाय परिचालक नियुक्त गरीएको थियो । तर हाल परीस्थिति सहज हुंदै गएको र गाउं ब्यबस्थापन समितिलाई बढि जिम्मेवार बनाउंदै लैजाने प्रयास स्वरुप स्थानीय विकास कोष समितिबाट सहजकर्ताहरु गाउं विकास कार्यक्रम ब्यबस्थापन समितिलाईनै हस्तान्तरण गरीएको छ ।

# खण्ड २

# सामाजिक परिचालन कार्यक्रमको स्थिति

## २.१ विकेन्द्रीत स्थानीय स्यायत्त शासन सहयोग कार्यक्रम

—

स्थानिय निकायहरु (जिल्ला विकास समिति र गांउ विकास समिति) लाई विकेन्द्रीकरण भावना अनुरुप उत्तरदायी ढङ्गले जनतालाई सहजरुपमा सेवा प्रदान गर्न सक्ने क्षमता अभिवृद्धि गर्न, जनसमुदायलाई सामाजिक र आर्थिक रुपमा सवल तुल्याउन तथा आफ्नो अधिकार प्रयोग गर्न सक्षम वनायने उद्देश्यले विगतमा संचालित सहभागितात्मक जिल्ला विकास कार्यक्रम (पिडीडीपी), स्थानिय स्वायत्त शासन सहयोग कार्यक्रम (एलजीपी) र एलजीपी, पिडीडीपी समायोजन चरण कार्यक्रमले कार्यान्वयन गरेका कृयाकलापहरुलाई अझ वढि परिष्कृत र सूसंगठित रुपमा निरन्तरता दिन विकेन्द्रीत स्थानिय स्वायत्त शासन सहयोग कार्यक्रम यहि चैत्र १९, २०६० देखि ६० जिल्लाहरुमा सञ्चालनमा रहेको छ । यस कार्यक्रमले: (क) समुदायस्तरमा

सामाजीक परिचालनको माध्यमवाट गाउं विकास कार्यक्रम संचालन गरी विशेष गरेर दलित, पिछडिएका वर्ग र महिलाहरुलाई सामाजिक तथा आर्थिक रुपले सशक्त हुने अवसर जुटाउने, (ख) स्थानीय निकायहरु स्थानिय स्यायत्त शासन ऐन नियम वाट प्राप्त अधिकार, कर्तव्य जिम्मेवारी र जवाफदेहितालाई पारदर्शितापूर्वक निर्वाहगर्न र प्रभावकारी रुपमा स्थानीय समुदायलाई सेवा सुविधा संग पहूच वढाउन तथा विद्यमान कमी कमजोरी हटाई स्थानीय निकायमा संस्थागत प्रकृया र प्रणालीलाई स्थापित र सुदृढ गर्न सघाउने यसको उद्देश्य रहेको छ । यस जिल्लामा जिल्ला विकास समिति नुवाकोटको मिति २०६१।०६।१९ गते वसेको वोर्ड मिटिङले निर्णय गरी संम्झौतामा हस्ताक्षर सम्पन्न भई कार्यक्रम संचालन भई आईरहेको छ ।

**कार्यक्रमको लक्ष्य:**

स्थानिय जनता विशेष गरेर दलित, पिछडिएका वर्ग एवम् महिलाहरुको सामाजीक तथा आर्थिक सेवाहरुको पहुच सुनिश्चितगर्नुका साथै विकेन्द्रीत शासन प्रणलीमा उनिहरुको सहभागीता स्वामित्व अभिवृद्धि गरी गरीवी निवारणमा टेवा पुर्‍याउनु यस कार्यक्रमको मुख्य लक्ष्य रहेको छ ।

**उद्देश्यहरु:**

- सकारात्मक विभेद नीति अवलम्वन गरी ग्रामिण समुदाय, विशेष गरेर दलित, पिछडिएका वर्ग एवम् महिलाहरुको सामाजिक र सशक्तिकरणमा टेवा पुऱ्याई, आर्थिक एवम् सामाजिक सेवामा उनिहरुकोपहुच अभिवृद्धि हुनेछ ।
- स्थानिय निकायहरुको क्षमता अभिवृद्धिका माध्यमवाट स्थानीय निकाय ( जिल्ला विकास समिति र गांउ विकास समिति ) मा निक्षेपण गरीएका विषयगत सेवाहरुलाई प्रभावकारी रुपमा जन समक्ष पुऱ्याउने व्यवस्था हुनेछ ।
- विकेन्द्रिकरण, शुशासन र गरीवी निवारणका नीतिहरुलाई प्रभावकारी रुपमा लागु गर्न, गराउन केन्द्रिय तहमा आवश्यक सहयोग उपलब्ध हूनेछ ।

## २.२ गरीवसंग विश्वेश्वर कार्यक्रम

नवौं पञ्चबर्षिय योजनामा “ नवौं योजनादेखि गरीवी निवारणको दीर्घकालीन लक्ष्य निर्धारण गरी सोहि आधारमा तर्जुमा गरिएका गरीवी निवारणका विस्तृत कार्यक्रमलाई अभियानकै रुपमा कार्यान्वयन गर्ने” भन्ने लक्ष्य लिए बमोजिम नेपाल सरकारको मन्त्री परिषदको मिति २०५६।०७।२६ को निर्णयानुसार गरीवसंग विश्वेश्वर कार्यक्रमलाई अधिराज्यको २०५ वटै संसदीय निर्वाचन क्षेत्रमा लागु भएको छ । नुवाकोट जिल्लामा पनि २०५६ सालबाट मदानपुर गा.वि.स. र हल्लेकालीका गा.वि.स. तथा बिदुर नगरपालीकाको ५ र ६ नं. वडामा गरी तिनवटै निर्वाचन क्षेत्रमा कार्यक्रमको सुरुवात भएको छ । नेपाल सरकारको हरेक संसदीय निर्वाचन क्षेत्रमा क्रमिक रुपमा कार्यक्रम बिस्तार गर्दै लैजाने लक्ष अनुरुप गत बर्षबाट तिनवटै निर्वाचन क्षेत्रका एक एक वटा गा.वि.स. बेलकोट, बागेश्वरी र कल्याणपुर गा.वि.स.मा कार्यक्रम थप गरीएको छ । जसअनुसार हालाई ५ वटा गा.वि.स. र एक नगरपालीका गरी ६ वटा गा.वि.स.मा कार्यक्रम संचालन भैरहेको छ ।

नेपाल सरकारले २०६३ आषाढ मसान्तबाट गरीवसंग विश्वेश्वर कार्यक्रम खारेज गरेको र पुन मंत्रीस्तरीय निर्णयबाट कर्मचारीहरुको तलव भत्ता प्रदान गरेकोले गरीवसंग विश्वेश्वर कार्यक्रमबाट छनौट भएका कार्यक्रम क्षेत्र र कार्यक्रममा कार्यरत कर्मचारीहरुलाई म्याद थप गरी कार्य संचालन सुचारु रुपमा गरीएको छ ।

**कार्यक्रमको लक्ष्य**

कार्यक्रम संचालित क्षेत्रका अति विपन्न परिबारलाई रोजगारी तथा आयमूलक क्रियाकलापहरुको माध्यमद्धारा सामाजिक, आर्थिक क्रियाकलापका अवसरमा संलग्न गराउदै गरीबीको रेखाबाट माथि उठाइ स्वावलम्बन तर्फ अग्रसर गराइनेछ ।

**कार्यक्रमको उद्देश्य :**

- सामाजिक परिचालनका माध्यमबाट विपन्न परिवारलाई संगठित हुने अवसर श्रृजना गर्ने ।
- स्थानिय स्तरमा मानव संसाधनको विकास गरी सामाजिक पुंजीको श्रृजना गर्ने । आन्तरिक बचत संकलन र परिचालन गर्ने ।
- शिक्षा, स्वास्थ, पिउने पानी, तालिम, कृषि प्रसार, प्रविधि, बजार व्यवस्थापन र बजार प्रणाली आदीसंग गरीबको पहुंच बढाउने ।
- आय अभिवृद्धिको क्रियाकलापका लागि संस्थागत कर्जासंग गरीबको पहुंच बढाउने ।
- परम्परागत शीपको अभिवृद्धि गर्दै लघु उद्यमबाट स्वरोजगार श्रृजना गर्ने
- सरकारी, गैरसरकारी, सहकारी, वित्तीय र निजि संस्थाको सेवासंग पहुंच बढाउने ।
- स्थानीय स्तरमा नेतृत्वको विकासका साथै सक्रिय नागरिक समाजको श्रृजना गर्ने ।
- निर्णय प्रक्रियामा विपन्न व्यक्तिलाई प्रत्यक्ष संलग्न हुन अवसर श्रृजना गरी उनीहरुको आत्मविश्वास बढाउदै शशक्तिकरण गरिनुका साथै स्वावलम्बि हुन अग्रसर गराउने ।
- समुदायमा आधारित संस्थालाई विधिवत् कानूनी मान्यता दिई संस्थागत विकासलाई अगाडि बढाउने ।

# खण्ड ३

## गाउं विकास कार्यक्रम

### ३.१ सामुदायिक संस्था गठन

२०५३ सालदेखि कार्यक्रम संचालन भएको यस जिल्लामा पहिलो बर्ष २ वटा गाविसमा, दोश्रो बर्ष ३ वटा गा.विसमा, तेश्रो बर्ष ५ वटा गाविसमा र चौथो बर्ष १० वटा गाविसमा गरी जम्मा २० वटा गाविसमा गाउं विकास कार्यक्रम संचालन भैरहेको छ । जस अनुसार हालसम्म तपशिल बमोजिम ५४४ वटा सामुदायिक संस्थाहरु गठन भैसकेका छन् ।

| क्र.सं | ग.बि.स | सामुदायिक संस्था | | | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | मिश्रित | जम्मा |
| १ | जिलीङ | १० | १९ | १० | ३९ |
| २ | सूर्यमती | ५ | ११ | ६ | २२ |
| ३ | रातमाटे | २३ | ११ | २ | ३६ |
| ४ | चौघडा | ७ | १४ | ६ | २७ |
| ५ | चारघरे | १० | ८ | ११ | २९ |
| ६ | तारुका | २३ | १३ | ० | ३६ |
| ७ | साल्मे | ६ | १३ | ० | १९ |
| ८ | थानसिङ | १९ | २५ | ० | ४४ |
| ९ | गणेस्थान | १० | ११ | ७ | २८ |
| १० | भद्रुटार | १५ | ९ | १ | २५ |
| ११ | देउराली | १७ | ४ | १ | २२ |
| १२ | बुङताङ | १५ | ९ | ० | २४ |
| १३ | पन्चकन्या | १५ | १६ | ० | ३१ |
| १४ | थप्रेक | १७ | १७ | ० | ३४ |
| १५ | सुनखानी | ६ | ७ | २ | १५ |
| १६ | थानापति | ११ | ११ | १ | २३ |
| १७ | चाउथे | ६ | १५ | १ | २२ |
| १८ | मदानपुर | १२ | ८ | ११ | ३१ |
| १९ | गोरस्याङ | ६ | १३ | ० | १९ |
| २० | दाडसिङ | १० | ७ | १ | १७ |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | २५० | २३४ | ६० | ५४४ |

## ३.२ आबद्धता

गांउ विकास कार्यक्रम सञ्चालन भएका २० वटा गा.वि.स. हरुमा जन गणना २०५८ अनुसार जम्मा १५१८० घरधुरीहरु रहेका छन् । बिस वटा गाविसका १५१८० घरधुरी मध्ये ११७८३ घरधुरीका १३०३५ सदस्यहरुलाई कार्यक्रम संग आवद्ध गराउन सकिएको छ ।

| क्रसं | सामुदायिक संस्था | | | | सदस्य संख्या | | | संलग्न घरधुरी |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | मिश्रित | जम्मा | महिला | पुरुष | जम्मा | |
| १ | २५० | २३४ | ६० | ५४४ | ५९८१ | ७०५४ | १३०३५ | ११७८३ |

अधिकांस गा.वि.स.मा समान उद्देश्य भएका अन्य संस्थाहरुबाट पनि सामुदायिक संस्था गठन गरी सामाजिक परिचालनको कार्यक्रम संचालन गरीरहेकाले यस कार्यक्रमको माध्यमबाट सम्पुर्ण घरधुरी समेट्न सकिरहेको छैन तर जिलीङ, सूर्यमति, चारघरे, चौघडा, रातमाटे, गणेश्थान, साल्मे, बुङताङ, देउराली, थानापति र सुनखानी गाविसमा अन्य संस्थाहरुको कार्यक्रमबाट समेत गरी सम्पुर्ण घरधुरी समावेस भैसकेको छ ।

## ३.३ छुट घरधुरी

बिबिध कारणले केहि गा.बि.स.मा कार्यक्रम संझौता गर्न ढिलाई हुन गएकोले सामुदायिक संस्थाहरु गठन गर्न ढिलो हुनगई कार्यक्रमले सबै घरधुरीलाई समेट्न सकेको छैन । अधिकांस गा.बि.स.हरुमा समान उद्धेश्य भएका कार्यक्रमले सामुदायिक परिचालनको कार्यक्रम संचालन गरी सामुदायिक संस्था गठन गरेकोले पनि घरधुरी समेट्ने संख्यामा केहि कमि देखिन गएको छ । गाउं विकास कार्यक्रममा मात्र समाबेस भएका घरधुरी विवरण तल उल्लेख गरीएको छ । कार्यक्रम संचालन भएका गा.बि.स.हरुमा कति घरधुरी कूनकून जातिका छुटेका छन् भन्ने तथ्याङ्क संकलन गरिसकिएको छ । छुटेका घरधुरीहरुलाई कार्यक्रममा समाबेश गर्ने नीति तयार भई सकेकोले सबै घरधुरीलाई समेट्ने प्रयास थालनी गरिएको छ ।

### घरधुरी बिबरण

| क्र. सं. | गा.बि.स. | घरधुरी | | |
|---|---|---|---|---|
| | | आबद्ध भएका | छुट भएका | जम्मा |
| १ | जिलीङ | ९९७ | ९९ | १०९६ |
| २ | सूर्यमती | ५९३ | ११२ | ७०५ |
| ३ | रातमाटे | ५६२ | ९३ | ६५५ |
| ४ | चौघडा | ६८९ | ११३ | ८०२ |
| ५ | चारघरे | ७०६ | २८९ | ९९५ |
| ६ | तारुका | ८५६ | १८० | १०३६ |
| ७ | साल्मे | ३१० | ६५ | ३७५ |
| ८ | थानसिङ | १००६ | १७९ | ११८५ |
| ९ | गणेस्थान | ६४९ | ९१ | ७४० |
| १० | भद्रटार | ४९७ | १०७ | ६०४ |
| ११ | देउराली | ६४९ | १५८ | ८०७ |
| १२ | बुङताङ | ४७८ | ५३ | ५३१ |
| १३ | पन्चकन्या | ३९८ | ३० | ४२८ |
| १४ | थप्रेक | ४९७ | १६९ | ६६६ |
| १५ | सुनखानी | ३०३ | २६७ | ५७० |
| १६ | थानापति | ४०९ | १५५ | ५६४ |
| १७ | चाउथे | ४८५ | ५९ | ५४४ |
| १८ | मदानपुर | ९१८ | ७१२ | १६३० |
| १९ | गोरस्याङ | ३७९ | २७६ | ६५५ |

|  |  |  |  |  |
|---|---|---|---|---|
| २० | दाङसिङ | ४०२ | १९० | ५९२ |

| जम्मा | ११७८३ | ३३९७ | १५१८० |
|---|---|---|---|

## ३.४ सा.सं.को परिपक्वता

परिपक्वता भन्नाले संस्थाहरुले आफ्नो विकास आफैं गर्न, आत्मनिर्भरता र स्वशासनतर्फ उन्मुख भईरहेको अवस्थालाई बुझाउंछ । गठन भएका सबै संस्था परिपक्व नै हुन्छन् भन्ने पनि छैन । निम्न अवस्थामा सा.सं.हरु परिपक्व भएको मानिन्छ ।

- ❖ बैठकमा नियमितता
- ❖ प्रत्येक सदस्यको छलफलमा सहभागिता
- ❖ नियमित बचत संकलन एवं परिचालन
- ❖ पारदर्शी हिसाब किताब
- ❖ सर्वसम्मत निर्णय प्रक्रिया
- ❖ विकास निर्माणका कुनै उदाहरणीय काम गरेको हुनुपर्ने ।
- ❖ साझेदारी शर्तहरुको पूर्ण पालना
- ❖ नियमित अध्यक्ष मेनेजर भेला

कार्यक्रमको नियमानुसार परिपक्व संस्थाहरुलाई मात्र ऋण पूंजी प्रदान गरिन्छ । अधिकांश संस्थाहरुले ऋण पूंजी प्राप्त गरी उचित परिचालन गरिरहेका छन् भने कार्यक्रमको नियमानुसार फिर्ता पनि गरिरहेका छन् ।

**परिपक्वता प्राप्त गरेका/नगरेका सा.सं.हरुको विवरण तालिका यसप्रकार छ:**

| क.सं | गा.बि.स. | परिपक्वता प्राप्त | | जम्मा सा.सं |
|---|---|---|---|---|
| | | गरेका सा.सं | नगरेका सा.सं. | |
| १ | जिलीङ | ३४ | ४ | ३८ |
| २ | सूर्यमती | १८ | ५ | २३ |
| ३ | रातमाटे | २७ | ९ | ३६ |
| ४ | चौघडा | २४ | ३ | २७ |
| ५ | चारघरे | २१ | ८ | २९ |
| ६ | तारुका | ३२ | ४ | ३६ |
| ७ | साल्मे | १८ | १ | १९ |
| ८ | थानसिङ | ४२ | ६ | ४८ |
| ९ | गणेस्थान | २२ | ५ | २७ |
| १० | भद्रटार | १८ | ६ | २४ |
| ११ | देउराली | २० | २ | २२ |
| १२ | बुङताङ | २२ | २ | २४ |
| १३ | पन्चकन्या | २१ | १० | ३१ |
| १४ | थप्रेक | २४ | १० | ३४ |
| १५ | सुनखानी | १२ | ३ | १५ |
| १६ | थानापति | १० | ८ | १८ |
| १७ | चाउथे | २२ | ० | २२ |
| १८ | मदानपुर | ८ | २२ | ३० |
| १९ | गोरस्याङ | १० | ६ | १६ |
| २० | दाङसिङ | ४ | ११ | १५ |
| | **जम्मा** | **४०९** | **१३५** | **५४४** |

## ३.५ ग्रामिण बिशेषज्ञ

संगठन क्रियाशील हुने क्रममा परिपक्वताको प्रमाण पत्र प्राप्त गरेपछि स्थानीय स्तरमा उपलब्ध साधन, श्रोतको पहिचान र परिचालन गर्न बस्तीस्तरमा सेवा प्रदान गर्न संस्थाहरुलाई आवश्यक मार्गदर्शन गरी आवश्यक उपयुक्त खालका सीप र तालिमहरु माग गर्न लगाई अध्यक्ष मेनेजर (अमे) भेलाबाट पारित गराई उपयुक्त किसिमका प्लम्बिङ, अगुवा कृषक, भेटेरिनरी सम्बन्धी तथा अडिटर आदि तालिममा गरी जम्मा ६१४ जना पुरुष र ११३१ जना महिलालाई

सीप प्रदान गरिएको छ यसबाहेक ३५ दिन भन्दा बढि समयको तालीम लिने ४२ महिला र ३० पुरुष गरी ७२ जना रहेका छन् । अधिकांश ग्रमीण विशेषज्ञहरु आ–आफ्नो क्षेत्रमा क्रियाशील छन् ।

## ३.६ लघु उद्यम बिकास

परम्परागत रुपबाट गरिंदै आएका पेशाहरु जीवननिर्वाहको माध्यम मात्र भएको छ । उपलब्ध हुन सक्ने स्थानीय साधन र श्रोतलाई खोतल्न र समुचित परिचालन गराई थप आय आर्जनका क्रियाकलाप संचालन गराउन सहयोग गर्ने उद्देश्यले कार्यक्रम लागुभएका २० वटै गा.वि.स.मा तालीम प्रदान गरीसकिएको छ । तालिम मात्र प्रदान गरी पर्याप्त नहुने हुनाले आवश्यक ऋृण एवं अनुगमन तथा मूल्याङ्कन पनि जरुरी हुन्छ । हाल संचालनमा रहेका उद्यमहरुलाई तिनीहरुको प्रकृति अनुसार सामूहिकीकरण गरी, विभिन्न श्रोत जुटाई विशिष्टीकरणतर्फ लैजानु पर्ने हुन्छ । लघु उद्यमको रुपमा कुखुरापालन, तरकारी उत्पादन, बेकरी, कन्फेक्सनरी उद्योगहरु संचालन भईरहेका छन् ।

## ३.७ ऋृण पुंजि

स्थानीय विकास कोषबाट यस चौमासिकमा रु. ८,२५,०००।– समेत गरी जम्मा रु ४,८४,६९,६६१। लगानी पनि भएको छ ।

**२० वटा गा.बि.स.मा हालसम्मको लगानी र असुलीको स्थिति यस प्रकार रहेको छ ।**

| क्र.स. | गाविस | लगानी | असुली | लगानीमा रहिरहेको | ब्याज प्राप्त |
|---|---|---|---|---|---|
| १ | जिलिङ | ६४०५००० | ४५२०९०९ | १८८४०९१ | ६५५५१२ |
| २ | सुर्यमति | २०५४३०० | १५३३१३१ | ५२११६९ | १६२५९९ |
| ३ | रातमाटे | १६२४२०० | १३८४७३५ | २३९४६५ | १६०६४७ |
| ४ | चौघडा | ३६११५०० | २५४४१६८ | १०६७३३२ | ३०४४४४ |
| ५ | चारघरे | २९९०५०० | १९०४३०५ | १०८६१९५ | ३०३९१४ |
| ६ | तारुका | ४५९०४०५ | ३६९४९३५ | ८९५४७० | ४२५३८६ |
| ७ | थानसिंग | ४४२४०४० | २५७४०५६ | १८४९९८४ | ४२१६९० |
| ८ | गणेशस्थान | ३०८५००० | १५८४५९५ | १५००४०५ | ३२०१२६ |
| ९ | साल्मे | २१८०००० | १३८९५४५ | ७९०४५५ | २८८६०८ |
| १० | भद्रटार | २०५३५०० | ९७१२४२ | १०८२२५८ | १८८५२५ |
| ११ | देउराली | ३४७३००० | २७५६०१० | ७१६९९० | ३६३१०१ |
| १२ | वुङताङ | २९७२००० | २०५००३५ | ९२१९६५ | २८६६८२ |
| १३ | गोर्स्याङ | १०५८५०० | ६८६७३६ | ३७१७६४ | १०६४०२ |
| १४ | मदानपूर | ५८०००० | ४०२६८३ | १७७३१७ | ४८२२० |
| १५ | पञ्चकन्या | २५३१५०० | १७३१३६१ | ८००१३९ | २९९३५३ |
| १६ | थप्रेक | १४५७९०० | ६४९४०० | ८०८५०० | ८३३२१ |
| १७ | थानापती | ११०७६८४ | ६४२३८९ | ४६५२९५ | १०३८७६ |
| १८ | सुनखानी | ४३४००० | १७३२६६ | २६०७३४ | ४९२८६ |
| १९ | चाउथे | १७१६६३२ | ६०४४४९ | १११२१८३ | १४०७२४ |
| २० | दाङसिङ | १२०००० | १८३०५ | १०१६९५ | ४८५५ |
| | **जम्मा** | **४८४६९६६१** | **३१८१६२५५** | **१६६५३४०६** | **४७१७२७१** |

### ३.७.१ ऋण पुंजि असुली

यस चौमासिक अवधिमा सूर्यमती, रातमाटे, चौघडा, तारुका, गणेश्थान, थानसिङ, देउराली, बुङताङ, गोर्स्याङ, दाङसिङ, पन्चकन्या, मदानपुर, र थानापति गा.वि.स. गरी १३ गा.वि.स.बाट मात्र ऋण पुंजि असुली हुन सकेको छ । यस तेश्रो चौमासिकमा महिलाबाट रु १,६९,०५५। र पुरुषबाट ३,१४,५०७। गरी जम्मा रु ४,८३,५६२। असुली भएको छ ।

## ३.८ बिउ पुंजि

यस चौमासिकमा २१ वटा अन्य योजना सम्पन्न भएको छ । विउ पूजि योजना अन्तर्गत हालसम्म भएको प्रगति विवरण तपशिल अनुसार रहेको छ ।

| क्र.सं | योजनाको किसिम | संझौता | सम्पन्न | सम्पन्न हुन बांकि | कैफियत |
|---|---|---|---|---|---|
| १ | खानेपानी | ८६ | ७० | १६ | |
| २ | सिंचाई | ३२ | ३० | २ | |
| ३ | लघुजलबिद्युत | ११ | १० | १ | |
| ४ | अन्य | ३९ | ३८ | १ | |
| | ग्रामिण सडक | १ | १ | | |
| | गोबरग्यांस सहितको शौचालय | ९ | ९ | | |
| | बिद्यालय | ४ | ४ | | |
| | ग्रामिण सूचना केन्द्र | १ | १ | | |
| | हेल्थ पोष्ट फ्रिज अनुदान | १ | १ | | |
| | ग्रामिण विद्युतीकरण | १ | १ | | |
| जम्मा | | १६८ | १४८ | २० | |

# खण्ड ४
# उत्पीडित/गरीवमूखि नीति अनुसारको कार्य प्रगति स्थिति

गांउ विकास कार्यक्रमले सामाजिक परिचालनको माध्यमवाट कार्यक्रम संचालन गर्दा वस्ति स्तरका संपुर्ण घरधुरिलाई लक्षित गरि घटिमा ८० प्रतिशतलाई समेट्ने योजना वाट कार्यक्रम सञ्चालन गरिरहेको अवस्थामा वांकि रहेका २० प्रतिशत मध्ये २० वटा गा.बि.स.मा ३२० घरधुरी अति गरिव घरपरिवारहरु कार्यक्रममा समावेश हुन छुट भएको देखिन गएको छ । गरिवि निवारणलाई मुल लक्ष्य वनाएर संचालित कार्यक्रममा अति गरिव परिवार सवैलाई समेटन

नसकिएकोले अव उप्रान्त अति गरिव परिवारमा कार्यक्रमको प्रतिफल पुग्न सकोस भन्ने हेतुले निम्न वमोजिम नीति तय गरि कार्यान्वयन गरीरहिएको छ ।

## ४.१ अति गरिबहरुकोलागि नीति निर्धारण

**१) अति गरिबको मापदण्ड निर्धारण**

आफ्नो आम्दानीबाट ३ महिना खान पुग्ने ।

**२) छुटेका घरधुरी आबद्धता**

क) छुटेका घरधुरीको लगत संकलन गरी समुहमा आबद्ध हुन प्रोत्साहित गर्ने ।
ख) अति गरिब तथा दलीतहरुको छुट्टै समुह बनाउन सकिने ।
ग) वडा स्तरीय वा गा.बि.स. स्तरीय समुह बनाउन सकिने ।
घ) समुह सदस्य संख्यामा लचिलोपन ल्याउने ।
ङ) बैठक अबधि, बचत दर, ब्याज दरमा समुहको निर्णय लागु हुने ।

**३) तालीम गोष्ठि संचालन**

क) तालीम गोष्ठि संचालनमा अति गरिब तथा दलीतहरुकोलागि कोटा निर्धारण गर्ने ।
ख) अति गरिब तथा दलीतहरुकोलागि मात्र पनि छुट्टै तालीम गोष्ठिको ब्यबस्था गर्न सकिने ।
ग) अति गरिब तथा दलीतहरु म्ध्यबाट तालीम लीन आउने सदस्यहरुलाई दैनीक रु ५०। सहभागिता भत्ता उपलब्ध गराउने ।

**४) ऋृण पुंजि लगानी**

क) अति गरिब तथा दलीतहरुकोलागि ऋृण पुंजि रु. १० लाख छुट्टयाउने ।
ख) अति गरिब तथा दलीतहरुमा लगानी गरिएको ऋृण पुंजिमा ६ प्रतिशत ब्याज दर कायम गर्ने ।
ग) ऋृण पुंजि लगानी पस्चात एक महिना ग्रेस अबधि प्रदान गर्ने र उक्त अबधिको ब्याज नलाग्ने ।
घ) ऋृण पुंजि २ बर्ष अबधिकोलागि लगानी गर्न सकिने ।
ङ) एक बर्षको किस्ता गर्न सकिने ।
च) किस्ता रकममा आपसि सहमति अनुसार पहिला थोरै र पछि धेरै गर्न सकिने ।
छ) ब्यबसायको बिमाको ब्यबस्था गर्ने ।
ज) ऋृण उपलब्ध गराउने प्रकृया छोटो गर्ने ।
झ) बजार ब्यबस्थापन गर्न सहयोग पुरयाउने ।
ञ) बस्तु लगानी गर्ने तथा बस्तु असुली गरी पुन: लगानी गर्ने ब्यबस्था मिलाउने ।
ट) ऋृण पुंजि बापत समुह तथा मेनेजरलाई उपलब्ध हुने सर्भिस चार्ज अनिवार्य नहुने ।

**५) बिउ पुंजि**

क) अति गरिब तथा दलीतहरुकोलागि बिउ पुंजि रु. १० लाख बिनियोजन गर्ने ।
ख) आबस्यकता अनुसारको योजना संचालन गर्न सकिने ।
ग) जनसहभागिता अनिबार्यताको मात्रा कम गरि १५ प्रतिशत सहभागिता कायम गर्ने
घ) बिउ पुंजिको कार्यक्रम संचालन गर्न बांकि रहेका गा.बि.स.मा बिउ पुजिको योजना संचालन गर्दा अति गरिब तथा दलीतहरुलाई प्राथमिकता दिने ।

**६) प्रबिधि हस्तान्तरण**

क) बिनियोजित बजेटको २५ प्रतिशत रकम अति गरिब तथा दलीतहरुकोलागि खर्च

गर्ने ।

ख) प्रयोग गर्न सकिने आधुनिक प्रबिधि उपलब्ध गराउने ।

ग) परम्परागत प्रबिधिलाई सुधार गराउने ।

**७) सकारात्मक भेदभाव**

क) समुहमा पालैपालौ नेतृत्व परिवर्तन हुने ब्यबस्था मिलाउने ।

ख) कर्मचारी छनौट गर्दा मौखिक परिक्षामा महिलालाई ५ नंबर र अति गरिबलाई ५ नंम्वर थप गर्ने ।

ग) युवा बर्गलाई कार्यक्रम प्रति आकर्षित गर्न रोजगारी मुलक कार्यक्रमको बिभिन्न परियोजना प्रस्ताब तयार गरि दातृ संस्थामा पेश गर्ने ।

# खण्ड ५
# सहभागितात्मक अनुगमन

## ५.१ अध्यक्ष/मेनेजर भेला

सहभागितात्मक अनुगमन प्रकृयामा सामाजिक परिचालकहरुको सहज उपस्थित हुन सक्ने (सुरक्षित) गा.वि.स.मासिक अध्यक्ष/मेनेजर भेला संचालन भैरहेको छ । अध्यक्ष/मेनेजर भेला बाट तालीमकोलागि सहभागि छनौट गर्ने, स्थानीय सहजकर्ता (समुदाय परिचालक) छनौट गर्ने र योजना छनौट गर्ने आदि निर्णय गर्ने गरीएको पाईएको छ ।

## ५.२ सार्वजनीक लेखापरिक्षण

सामुदायिक संस्थाका लेखा तन्दुरुस्त राख्नको निमित्त हरेक गाविसका घटिमा २ जना मेनेजरहरुलाई अडिटिङ तालीम दिई ग्रामिण अडिटरको रुपमा विकसित गरीएको छ । सहजता भएका गा.वि.स.का ग्रामिण अडिटरहरुले बर्षको एक पटक हरेक सामुदायिक संस्थाको लेखा परिक्षण गरी सामुदायिक संस्थामा प्रतिबेदन प्रस्तुत गर्ने गरीएको छ ।

## ५.३ सचित्र अनुगमनको माध्यमबाट बाचा पत्रको पालना अध्ययन

यस आर्थिक बर्षको दोश्रो र तेश्रो चौमासिक भित्र छानिएका सामुदायिक संस्था भित्र सचित्र अनुगमन गर्ने कार्यक्रम भएता पनि गत बर्ष गरीएको अनुगमनबाट बाचापत्र पालना संबन्धि अनुगमनबाट निम्न कुराहरु पाईएको छ ।

गाउं विकास कार्यक्रम र स्थापित तथा क्रियाशील सामुदायिक संस्थाहरुबीच आपसी उत्तरदायित्व, जिम्मेवारी, आपसी सहयोग लिने दिने सम्बन्धमा औपचारिकताका लागि द्वीपक्षीय समझदारी हुनु आवश्यक हुन्छ । साझेदारी पत्रमा उल्लेख भए अनुसार दुबै पक्षले आ–आफ्नो भूमिका निर्वाह गर्नु पर्ने हुन्छ । कुनै पनि पक्षले शर्त अनुसार नचलेमा अर्को पक्षले शर्त अनुसार चल्न विश्वस्त पार्नुपर्ने हुन्छ ।

बाचापत्रमा उल्लेख भएका १९ वटा बुंदाहरु अव्यवहारिक र असंभव किसिमका छैनन् । समाजमा गरिंदै आएका क्रियाकलापहरु नै छन् । यो वाचापत्रको उद्देश्य ती आवश्यक सकारात्मक क्रियाकलापहरुलाई सरल बनाउने, नियमितता दिने र सुधारको लागि आवश्यक सल्लाह दिनु हो र बाचापत्र विपरित काम गरेमा सचेत गर्नु पनि हो । औसत रुपमा हेर्ने हो

भने सामुदायिक संस्थाहरुले समय स्थान र परिस्थिति अनुसार अधिकांश बुंदाहरु पालना गरेका कुरा निम्न लिखित कारणहरुले पुष्टि गर्दछन् ।

– मूलमन्त्र (संगठन, बचत र सीप) प्रतिको प्रतिवद्धता र विश्वसनियता । फलस्वरुप २० वटा गविसमा २५० वटा महिला, २३४ वटा पुरुष र ६० वटा मिश्रित गरी ५४४ वटा समूहहरु गठन भई क्रियाशील रहेका छन् भने ११७८३ घरधुरी कार्यक्रममा समावेश छन् ।

– सामूहिक जिम्मेवारीको बोध: अध्यक्ष, मेनेजर, ग्रामीण विषेशज्ञ वा अन्य सदस्यले सामुदायिक संस्थाको लागि गरेको कामप्रति सबैको चासो रहेको पाईएको छ । सम्बन्धित कर्मचारी, अन्य सामुदायिक संस्थाका सदस्यहरुसंग भेट भएमा संस्थाहरुको विविध विषयमा कुराकानी गर्नुले पनि यो कुरालाई पुष्टि गर्दछ ।

– सामुदायिक संस्थाप्रतिको सद्भाव, दीगोपना र स्वावलम्बनप्रतिको उन्मुखता: समुदायमा विभिन्न राजनैतिक सोचाई भएका व्यक्तिहरु बस्दछन् । तर पनि संस्थाको संचालनमा राजनीतिको असर परेको देखिदैन ।

– बैठकमा अनिवार्य एवं नियमित उपस्थिति, सक्रीय सहभागिता, जिज्ञासा व्यक्त एवं बचत संकलन भएको देखिन्छ । सम्पूर्ण क्रियाकलापमा चित्त बुझेपछि मात्र बचत सुरक्षित छ भन्ने सदस्यले महशुस गर्दछ । यस चौमासिक सम्ममा विभिन्न सामुदायिक संस्थाहरुको आन्तरिक बचत जम्मा रु. १,१६,२७,४९१।० भएको छ ।

– संकलित बचतको उचित परिचालन गरी वा आवश्यक ऋण पूंजी लिएर थप आयमूलक काम गरी ऋणको सदुपयोग एवं समयमा नै असुली भएको देखिन्छ । थप आयमूलक क्रियाकलापबाट अधिकांश सदस्यहरुले फाईदा लिएको देखिन्छ ।

– स्वास्थ्य एवं वातावरणप्रतिको चासो र चेतना: स्वस्थ हुन हरियो सागपात र फलफूलको प्रयोग गर्नुपर्छ भन्ने भावनाको विकास भएको हुनाले करेसाबारी निर्माण र फलफूल रोप्ने र खाने प्रवृत्ति बढ्दो छ । वातावरणप्रतिको चेतनाले गर्दा वृक्षारोपण गर्न एवं संरक्षण गर्न विभिन्न बन उपभोक्ता समितिहरु सक्रीय छन् ।

– सेवा लिंदा शुल्क तिर्ने बानीको थालनी: ग्रामीण विशेषज्ञहरुले आफ्ना सीपलाई व्यवसायिक रुपमा अपनाउन सक्नुले गाउंलेहरुले सेवाको शुल्क तिर्ने बानीको विकास गरेको पुष्टि हुन्छ ।

–विभिन्न विद्यालयहरुको अभिलेख हेर्दा बालबालिकाको उपस्थिति पहिलेको तुलनामा उल्लेख्य रहेको तथा बीचमा नै स्कूल छाड्ने (Drop Out) दर कम हुनुले पनि बालबालिकालाई बिना भेदभाव विद्यालय पठाउने गरेको पुष्टि हुन्छ ।

– प्रत्येक घरमा खानेपानीको सुविधामा भएको बृद्धि, स्थायी चर्पी निर्माण, गोबर ग्यांस तथा धुवां रहित चुल्हो निर्माणमा भएको बृद्धिले सामुदायिक संस्थाहरु बाचापत्रप्रति सचेत छन् भन्ने प्रमाणित गर्दछ ।

– विभिन्न समयमा बालबालिकालाई आवश्यक खोप दिने एवं बिरामी परेमा स्वास्थ्य केन्द्र, औषधी पसल र अस्पताल जाने, लैजाने गरेको देखिन्छ । परिवार आफ्नो क्षमता अनुसार भए पालनपोषण, शिक्षा र स्वास्थ्य प्रदान गर्न सकिन्छ भन्ने महशुस भएको देखिन्छ । किनभने पहिलेको तुलनामा जन्मदर कम देखिन्छ । तर छोराको लागि पर्खनेहरुले धेरै छोरी पाउने प्रवृत्ति कम गर्न चेतनामूलक कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ ।

– पशुधनप्रति चासो: दुध बेच्ने बानीको विकास भईरहेकोले पशुको स्वास्थ्य तथा पालनपोषणमा ध्यान पुगेको छ ।

– सामूहिक फाईदाको लागि विभिन्न सीप एवं तालिमहरु सिक्ने र सिकाउने बानीको विकास: संस्थाका अध्यक्ष, मेनेजर र ग्रमीण विशेषज्ञहरु विभिन्न सीपमूलक तालिममा सहभागी भई आफूले जानेका कुरा अरुलाई सिकाउन पनि अग्रसर भएको देखिन्छ ।

– बस्तीको भलाई हुने काममा अन्य सामुदायिक संस्थाहरुसित हातेमालो गर्दै क्रियाशील भएको देखिन्छ । यसको उदाहरण विभिन्न सामुदायिक संस्थाहरु मिली दुध संकलन केन्द्र खोल्नु, बाखापालन समूह गठन गर्नुलाई लिन सकिन्छ ।

– योजना तर्जुमा, कार्यान्वयन एवं मर्मत संभार प्रक्रियामा गाउंस्तरदेखि गाविसस्तरसम्म यी विषयहरुमा चासो लिने प्रक्रियामा बृद्धि भएको छ ।

# खण्ड ६

# विविध

## सम्पन्न कृयाकलापहरु

## ६.१ अनुगमन तथा समन्वय सहजिकरण समिति

अध्यक्ष मेनेजर भेलाको प्रतिनिधिहरुको समिति जिल्ला स्तरमा अध्यक्ष मेनेजर संजालको गठन भएको छ । संजाललाई छिटो छरितो रुप सञ्चालनका लागि संजालवाट अनुगमन तथा समन्वय सहजिकरण समिति गठन भएको छ । सहजिकरण समितिको हरेक महिना वैठक वसि कार्यक्रमको मुल्याङ्कन गर्ने र सक्रृयरुपमा कार्यक्रमको अनुगमन गर्ने निर्णय भए अनुरुप वार्षिक कार्य योजना तयार भएको छ । साथै उक्त वैठकवाट दोस्रो चरणमा ५ वटा गाविसमा रातमाटे, देउराली, पञ्चकन्या, सुनखानी र गणेशस्थान गाविसमा सामुदायिक विकास कोष स्थापना गर्ने र अन्य गाविसमा विस्तारै लागु गर्दै लैजाने निर्णय गरेको छ । उक्त वैठकमा सहजिकरण समितिका सदस्यहरुले गांउ विकास कार्यक्रमको अनुगमन गर्ने निर्णय भई सकृयरुपमा अनुगमन गर्ने कार्य भईरहेको छ । साथै सञ्जालको वैठक वसि भाका नाघेको ऋणपूजिं असुलीको लागि ऋणिहरुको वास्तविक आर्थिक स्थिती स्तरीकरण गर्ने निर्णय अनुरुप सोही अनुरुप कार्य शुरु भएको छ ।

## ६.२ CDF स्थापना

जिल्ला विकास समिति स्थानीय विकास कोष समितिको सचिवालय द्धारा संचालित गांउ विकास कार्यक्रम लाई अझ वढि प्रभावकारीरुपमा लैजाने र क्रमिक रुपमा स्थानीय स्तरमा हस्तान्तरण गर्ने कार्यक्रको लक्ष्य अनुरुप गांउ विकास कार्यक्रम रातमाटे, देउराली, पञ्चकन्या, सुनखानी र गणेशस्थान गाविसका व्यवस्थापन समिति सदस्यहरुलाई मिति २०६४ असार २५ गते गांउ विकास कोषको वारेमा अभिमुखिकरण गोष्ठी संचालन गरी सामुदायिक विकास कोष सम्झौता कार्य सम्पन्न भएको छ । उक्त कार्यक्रम स्थानीय विकास अधिकारी एवं स्थानीय विकास कोष अध्यक्ष श्री हरिलोचन शर्मा र गांउ विकास कोष व्यवस्थापन समितिका अध्यक्षको विचमा सम्झौता पत्रमा हस्ताक्षर गरी सामुदायिक विकास कोषको विधिवतरुपमा शुरु गरीएको

छ । उक्त अवसरमा यस अघिनै सामुदायिक विकास कोष स्थापना भैसकेको गा.वि.स.हरु थानापति, मदानपुर र दाङसिङ गाविसका पदाधिकारीहरुलाई पनि नेतृत्व विकासको तालीम प्रदान गरीएको छ ।

## ६.३ आबद्धता तथा सामुदायिक संस्था गठन

सामाजिक परिचालनको माध्यमद्वारा समुदायमा सांगठनीक विकास र आर्थिक विकास गर्ने उद्देश्य लिएर स्थानीय विकास कोष समितिले जिल्लाको २० वटा गा.वि.स.मा गाउं विकास कार्यक्रम संचालन गरीरहेको छ । विकासको प्रतिफल सबै बर्गमा समानुपातिक रुपले पुरयाउन सकियोस भन्ने हेतुले स्थानीय विकास कोषले अति गरीव, दलीत र महिलाहरुको लागि विशेष प्राथमिकता दिएर कार्यक्रम गर्ने गरीएको छ । यस चौमासिकमा ७८ घरधुरी थप समाबेस गर्न सकिएको छ । यसबाट गाउं विकास कार्यक्रम क्षेत्रको १५१८० घरधुरी मध्ये ११,७८३ घरधुरी समावेश भै ७७.६२ प्रतिशत समावेश गर्न सफल भएको छ । समुदायलाई संगठनमा आबद्ध गराउने उद्देश्य अनुसार यस चौमासिकमा ५ वटा महिला समुह थप भएका छन् भने ६ वटा मिश्रीत समूह पुरुष समुहमा परिणत भएका छन् । जसबाट गठित सामुदायिक संस्थाहरुको संख्या ५४४ पुग्न गएको छ । ५४४ वटा सामुदायिक संस्थाहरुमा यस चौमासिक सम्ममा रु. १,१६,२७,४९१।० बचत भएको छ । पुरुष तर्फ रु.६०,९१,५२२।० र महिला तर्फ रु .५२,८५,०५१।० गरि जम्मा रु. १,१३,७६,५७३।० लगानी भएको छ ।

## ६.४ ब्यबस्थापन समितिको सकृयता

गांउ विकास कार्यक्रम लागु भएका गाविसहरुको मासिक अध्यक्ष मेनेजर भेला सक्रियता वस्न नसकेको अवस्थामा हालको राजनैतिक सुधारले गर्दा अध्यक्ष मेनेजर भेला वाट १५ गाविसमा गांउ विकास कार्यक्रम भेला ब्यबस्थापन समिति पुनर्गठन भएका छन् । नव गठित भेला ब्यबस्थापन समितिले मासिक भेला ब्यबस्थापन गर्ने, सामुदायिक संस्थाहरुको अनुगमन र विवाद समाधान पनि हुन थालेका छन् ।

## ६.५ नेतृत्व विकास र लेखा ब्यवस्थापन तालिम सम्पन्न

जिल्ला विकास समितिको आर्थिक सहयोग तथा स्थानीय विकास कोष समितिको सचिवालय विदुर,नुवाकोटको आयोजनामा सामुदायिक विकास कोष/गांउ विकास कार्यक्रम ब्यवस्थापन समिति पदाधिकारी, गा.वि.स सचिव र सामाजिक परिचालकहरुलाई ५ दिने नेतृत्व विकास र लेखा ब्यवस्थापन तालिम यस चौमासिकमा सम्पन्न भएको छ ।

सामाजिक परिचालनमा नेतृत्वको सम्वन्ध र सामुदायिक विकास कोषमा लेखाको महत्व, प्रक्रियाको सैद्धान्तिक र प्रयोगात्मक ज्ञान दिने हेतुले गांउ विकास कार्यक्रम लागु भएका थानापती, मदानपुर, दाङसिंग, गणेशस्थान, पञ्चकन्या, रातमाटे, र सुनखानी गाविसका पदाधिकारी सदस्यहरु, सरोकारवालालाई दुई चरणमा संचालित तालिममा १२ महिला र ३८ पुरुषको सहभागिता रहेको थियो ।

वस्तिस्तरमा रहेका विद्यमान समस्या र सोको निवारणमा अध्यक्ष/मेनेजरको भूमिका स्थानीय स्रोत र साधनको सहि प्रयोग र योजना तर्जुमामा सहभागिताको सम्वन्ध लगायत लेखा र समस्याको सम्वन्धमा जिल्ला विकास समितिको कार्यालयका दक्ष प्रशिक्षकवाट सिकाई भएको सो तालिममा दलित ४ जना जनजाति ११ जना र ३५ जना अन्य जातिको उपस्थिती रहेको सो तालिममा अतिगरिव १० गरिव १७ र मध्यम २३ जनाको उपस्थिती रहेको थियो ।

## ६.६ अध्ययन अवलोकन भ्रमण सम्पन्न

गांउ विकास कार्यक्रम लागु भएका सामुदायिक विकास कोष गठन भएका गाविसका पदाधिकारीहरुलाई अन्य जिल्लामा सामुदायिक विकास कोष गठन प्रत्रिया र भए गरेका उपलब्धी वारेमा काभ्रे जिल्लाको महादेवस्थान गाविस र सिन्धुपाल्चोक जिल्लाको राम्चे गाविसमा अध्ययन अवलोकन भ्रमण यस चौमासिकमा सम्पन्न भएको छ ।

सामुदायिक पशु विमा कार्यक्रमको वारेमा पनी उक्त भ्रमण दलले जानकारी हांसिल गरेको थियो । उक्त भ्रमण दलमा ९ महिला र ४६ पुरुषको सहभागिता रहेको सो भ्रमणमा दलित २ जनजाति १९ र अन्य जाति ३४ को सहभागिता रहेकोमा अतिगरीव ९ गरिव ११ र मध्यम ३५ जनाको सहभागिता रहेको थियो ।

## ६.७ मौरिपालन तालिम सम्पन्न

गांउ विकास कार्यक्रम लागु भएका १७ गाविसका ३ महिला र १५ पुरुषलाई ७ दिने मौरिपालन तालिम सम्पन्न भएको छ । गाविसस्तरमा मौरी स्रोत केन्द्र स्थापना गरी गाविसभित्र रहेका सम्पुर्ण घरधुरीमा मौरी सम्वन्धि ज्ञान दिलाउन आवश्यक ज्ञान प्रदान गरी दक्ष ब्यक्तिको रुपमा तयार गर्ने हेतुले संचालित सो तालिम पश्चात सहभागिहरुलाई आवश्यक पर्ने सामग्री तथा औजार महमदानी, आधुनिक शेरेना मौरीको घार, टोपी र पञ्जा लगायतका औजार तथा उपकरण प्रदान गरीएको थियो ।

२०६४ ज्येष्ठ ३० देखि असार ५ सम्म संचालित सो तालिममा ५ जनजाति र १३ अन्य जातिको सहभागिता रहेको थियो भने ७ अति गरीव र ११ गरीवको सहभागितामा रहेको थियो ।

## ६.८ मैनबत्ति बनाउने तालिम सम्पन्न

वड्दो लोडसेडिङ मार, टुकिको धुवांको समस्या निवाकरणमा सहयोग पुर्याउने हेतुले गांउ विकास कार्यक्रममा आवध्य १४ गाविसका १० महिला र ४ पुरुषको सहभागिता रहेको सो तालिम ६ दिन विदुरमा संचालन भएको थियो ।

मैनलाई पगालेर सांचोमा राखि तयार गरीने मैनवत्तिलाई वाह्य आयातलाई घटाउने उद्देश्य लिई संचालित सो तालिमवाट स्थानीयस्तरमा रहेका शिपको प्रयोग गरी श्रमको मुल्यवाट दैनिक आयस्तरमा सुधार हुने तालिमको लक्ष्य रहेको र साथमा तालिम पश्चात मैन वनाउने सांचो पनी प्रदान गरीएको छ ।

## ६.९ अलैचिको विरुवा उपहार कार्यक्रम

गांउ विकास कार्यक्रम साल्मे गाविसमा सामुदायिक तथा ब्यवसायिक विकास प्रवर्धन समाजको सहयोगमा अलैचि खेती विस्तार तालिम संचालन भएको सो तालिममा स्थानीय विकास कोषको कार्यालयवाट सहभागिहरुलाई अलैचिको विरुवा अनुदानमा प्रदान कार्य यस चौमासिकमा सम्पन्न भएको छ ।

२० महिला र ३ पुरुषको सहभागिता रहेको सो तालिममा १ दलित र २२ जनजातिको सहभागिता रहेको थियो भने आर्थिक रुपमा १८ अतिगरीव र ५ गरीवलाई सो तालिम प्रदान गरीएको थियो ।

## ६.१० तालीम :

यस चौमासिकमा प्रदान गरीएको तालिम र सहभागिको विवरण तल उल्लेख गरीएको छ ।

**तपशिल**

| बिषय | लैङ्गिक हिसावमा | | | जातीगत हिसावमा | | | आर्थिक स्तरमा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | म. | पु. | जम्मा | दलीत | जनजाती | अन्य | अ.ग. | गरीव | मध्यम |
| १) सिलाई कटाई तालिम | | | | | | | | | |
| थानापती | १२ | ० | १२ | ३ | २ | ७ | २ | ९ | १ |
| सूनखानी | ५ | ० | ५ | ० | १ | ४ | ० | १ | ४ |
| भद्रुटार | ४ | ० | ४ | ० | ० | ४ | ० | ४ | ० |
| देउराली | १९ | ० | १९ | ० | १९ | ० | १२ | ५ | २ |
| गणेशस्थान | १७ | १ | १८ | ५ | ६ | ७ | ७ | ६ | ५ |
| सूर्यमती | २ | ० | २ | ० | २ | ० | १ | १ | ० |
| चौघडा | २ | ० | २ | ० | २ | ० | ० | २ | ० |
| **जम्मा** | **६१** | **१** | **६२** | **८** | **३२** | **२२** | **२२** | **२८** | **१२** |
| २) मौरीपालन तालिम | ३ | १५ | १८ | ० | ५ | १३ | ७ | ११ | ० |
| ३) मैन वनाउने तालिम | १० | ४ | १४ | ० | ७ | ७ | ९ | ४ | १ |
| ४) अलैचि खेती तालिम | २० | ३ | २३ | १ | २२ | ० | १८ | ५ | ० |
| ५) रेडियो घडि तालिम | ० | १ | १ | ० | ० | १ | ० | १ | ० |
| **कुल जम्मा** | **९४** | **२४** | **११८** | **९** | **६६** | **४३** | **५६** | **४९** | **१३** |

## ६.११ प्रविधि हस्तान्तरण

यस चौमासिकमा प्रदान गरीएको प्रविधि र सोको विवरण तलको तालिकामा उल्लेख गरीएको छ ।

| बिषय | लैङ्गिक हिसावमा | | | जातीगत हिसावमा | | | आर्थिक स्तरमा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | म. | पु. | जम्मा | दलीत | जनजाती | अन्य | अ.ग. | गरीव | मध्यम |
| १) अलैचीको विरुवा | | | | | | | | | |
| साल्मे | २० | ३ | २३ | १ | २२ | ० | १८ | ५ | ० |
| २) मौरीपालनका लागि आवश्यक औजार तथा सामग्री | | | | | | | | | |
| | ३ | १५ | १८ | ० | ५ | १३ | ७ | ११ | ० |
| ३) मैनबत्ति वनाउने औजार | | | | | | | | | |
| | १० | ४ | १४ | ० | ७ | ७ | ९ | ४ | १ |
| ४) ग्रा.प.स्वा.का लाई भेटेनरी औजार | | | | | | | | | |
| थानापती | ० | २ | २ | १ | १ | ० | ० | १ | १ |

▶ समाप्त ◀